क्षेत्रीय अखबार

# पश्चिम नेपाल

-वर्ष: २०, अङ्क: २०१, २०८२ पौष १७ गते बिहिबार (01 Jan., 2026) -मूल्य: रु. १०।-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका दैनिक

भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं।

- ❖मौलिक संस्कृतिको रक्षा गरौं।
- ❖राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं।
- ❖मातृभाषाको सम्मान गरौं।
- ❖परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं।
- ❖महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं।
- ❖सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं।
- ❖सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं।
- ❖आधुनिकता र प्रविधिसँगै आफ्नो मौलिक परम्परा जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सुदुरपश्चिम प्रदेशसभा : कसले के सवाल उठाए ?

**–पश्चिम नेपाल संवाददाता**
**धनगढी, १६ पौष**

सुदूरपश्चिम प्रदेशसभाका सांसद नरेशकुमार शाहीले संघ सरकारले प्रदेशका एकल अधिकारमाथि पनि हस्तक्षेप गरिरहेको बताएका छन् । संघ सरकारले त्यसो गर्नु संविधानिक व्यवस्थामाथिकै बर्खिलाप हुने उनको भनाइ छ ।

चार महिनाभन्दा लामो समयपछि बुधबार बसेको सुदूरपश्चिम प्रदेशसभाको बैठकको शून्य समयमा बोल्दै सांसद शाहीले संविधानको १७१ मा मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धमा मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक र अन्य सुविधा प्रदेश ऐनबमोजिम हुनेछ भनिएको उल्लेख गर्दै संघ सरकारले विभिन्न परिपत्र गरेर प्रदेशको अधिकारमाथि हस्तक्षेप गरेको भनाइ राखे ।

गत असोज ५ गतेको मन्त्रिपरिषद्को निर्णयअनुसार अर्थ मन्त्रालयले मन्त्री र सांसदका स्वकीय सचिव राख्न नपाइने भन्दै परिपत्र गरेको थियो ।

संघ सरकारको गतिविधिले संघीयतामाथि आक्रमण गर्ने कार्य भइरहेको उनको जिकिर छ । ‘संविधानमा तीनवटै तहका एकल र साझा अधिकारहरू स्पष्ट रूपमा उल्लेख गरिएका छन् ।

प्रदेशको एकल अधिकारका विषय प्रदेशसभाले निर्माण गरेको ऐनको प्रावधानअनुसार सञ्चालित



हुन्छन्,’ उनले भने ‘तर संघले पठाएको त्यस पत्रले प्रदेशको ऐनमा आक्रमण गरेको छ, जुन कुरा संविधानको प्रतिकूल छ ।

केन्द्रमा अर्बौंका आर्थिक अनियमितताका प्रकरण गरिरहने तर प्रदेशले आफ्नो अधिकार क्षेत्रभित्र रहेर कानुनी व्यवस्थाद्वारा कार्यालय सहयोगी वा ड्राइभरलाई मितव्ययी हुनुपर्ने निर्देशन जारी गर्नु औचित्य रहेको उनको भनाइ छ ।

शून्य समयमा बोल्ने अन्य सांसदहरूले विभिन्न विषय उठाएका छन् । नेकपाका शिवसिंह ओलीले उपभोक्ता समितिमार्फत आयोजना कार्यान्वयन गर्न सर्वोच्च अदालतसमेतले आदेश दिइसकेकोले प्रदेश सरकारले सोहीबमोजिम कार्यान्वयन गर्नु पर्ने जिकिर गरे । ‘प्रदेश सरकारले सर्वोच्चको आदेश कार्यान्वयन गर्नुपर्छ, मुख्यमन्त्रीज्युले दराजभित्र सर्वोच्चको आदेश लुकाएर राख्न पाउनु हुन्न,’ उनले भने ।

जेन-जी विद्रोहपछि प्रदेश सरकारले उपभोक्ता समितिमार्फत आयोजना कार्यान्वयन नगर्ने नगराउने निर्णय गरेको थियो । तर उक्त निर्णय विपरीत सर्वोच्चमा मुद्दा परेको थियो । सर्वोच्चले प्रदेश सरकारलाई निर्णय कार्यान्वयन नगर्न भनेको थियो ।

त्यस्तै सांसद रामेश्वर चौधरीले टेन्डर वा कोटेसनबाट योजना कार्यान्वयन गर्दा १२-१३ लाख रुपैयाँ बजेट भएको योजना सम्पन्न हुन नसक्ने बताए । उनले उपभोक्तामार्फत कार्यान्वयन गराएमा श्रमदान समेत जोडिएर योजना सम्पन्न

-बाँकी समाचार पृष्ठ २ मा

## सुदूरपश्चिमबाट चार दलका ३६ जना समानुपातिक उम्मेदवार




**–पश्चिम नेपाल संवाददाता**
**धनगढी, १६ पौष**

काँग्रेस, एमाले, नेकपा र रास्वपाले फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनमा सुदूरपश्चिमबाट ३६ जनालाई समानुपातिक उम्मेदवार बनाएका छन् ।

चार पार्टीले बुझाएको उम्मेदवारको बन्द सूचीमा सुदूरपश्चिमबाट काँग्रेसले सबैभन्दा बढी ११ जनाको नाम समेटेको छ । नेकपा एमाले तथा नेपाली कम्युनिस्ट पार्टीले १०/१० जनालाई समानुपातिक उम्मेदवार बनाएको छ भने राष्ट्रिय स्वतन्त्र पार्टीले सुदूरपश्चिमबाट पाँच जनालाई उम्मेदवार बनाएको जनाएको छ । यद्यपि उसले बुझाएको समानुपातिक सूचीमा सुदूरपश्चिम ठेगना उल्लेख भएका दुई जना उम्मेदवार मात्रै छन् ।

नेपाली काँग्रेसले प्रदेशका सबै जिल्लाबाट समानुपातिक उम्मेदवार चयन गरेको छ । अन्य दलले भने प्रदेशका सबै जिल्लाबाट उम्मेदवार बनाएका छैनन् । नेकपा र एमालेले भने पाँच/पाँच जिल्लाबाट मात्रै उम्मेदवार खडा गरेका छन् । नेकपा एमालेलेले दार्चुल, बझाङ, कञ्चनपुर , कैलाली र अछामबाट मात्रै उम्मेदवार बनाएको छ भने नेकपाले डोटी, बाजुरा, अछाम, कैलाली र कञ्चनपुरबाट मात्रै उम्मेदवार बनाएको छ । एमालेले बैतडी, डोटी, बाजुरा र डडेल्धुराबाट उम्मेदवार बनाएको छैन भने नेपाली कम्युनिस्ट पार्टीले बैतडी, दार्चुला, डडेल्धुरा र बझाङबाट समानुपातिक उम्मेदवार बनाएको छैन ।

काँग्रेसले कैलालीबाट यज्ञनिधि कोइराला र रिता चौधरी, कञ्चनपुरबाट कल्पना केसी र तौला राना, दार्चुलाबाट करवीर कार्की, बैतडीबाट दीपेन्द्र बम, बझाङबाट सुन्दर स्नेही, बाजुराबाट विद्या तिमिल्सिना, डोटीबाट प्रसिस महरा र डडेल्धुराबाट हरिना कामीलाई समानुपातिक उम्मेदवार बनाएको हो ।

नेकपा एमालेले कैलालीबाट चार जना लिला भण्डारी, हरिशङ्कर योगी, इच्छा चौधरी र सावित्रा घिमिरेलाई समानुपातिक उम्मेदवार बनाएको छ भने कञ्चनपुरबाट निरुदेवी पाल र कृपाराम राना, बझाङबाट एलबी रावल र भागरथी चन्द सिंह, अछामबाट बमबहादुर बिसी र दार्चुलाबाट जयेन्द्रसिंह ऐतवालको नाम समानुपातिक सूचीमा समावेश गरेको छ ।

नेपाली कम्युनिस्ट पार्टीले कैलाली र कञ्चनपुर बाट तीन/तीन जना, अछामबाट दुई तथा डोटी र बाजुराबाट एक/एक जनालाई समानुपातिक

-बाँकी समाचार पृष्ठ ३ मा

भीमदत्त नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

दोस्रो पटक प्रकाशित मिति - २०८२/०९/१७

भीमदत्त नगरपालिकाको देहाय बमोजिमका ठेक्का दरभाउपत्रका माध्यमबाट गराउनुपर्ने भएको हुँदा देहाय बमोजिमको ठेक्काको लागि मिति २०८२/०९/१७ का दिन सबै योग्य दरभाउपत्रदाताहरुको लागि दरभाउपत्र आह्वानको १५ दिने सूचना गरिएको छ । दरभाउपत्र खरिद गराउने अन्तिम मिति २०८२/१०/०६ गते, कार्यालय समयभित्र र दरभाउपत्र पेश गर्ने अन्तिम मिति २०८२/१०/०७ गते दिनको १२ बजे सम्म र दरभाउपत्र खोल्ने मिति २०८२/१०/०७ गते दिनको १ बजे कायम गरिएको छ । दरभाउपत्र पेश अनिवार्य रुपमा Hard copy मार्फत गर्नुपर्नेछ ।

| ठेक्का नं. | ठेक्काको नाम | लागत अनुमान (भ्याट बाहेक) | दरभाउपत्र पुस्तिका खरिद बाफत रकम | धरौटी रकम |
|---|---|---|---|---|
| 11/AMSI/2082/083 | पशुपन्छीका लागि औषधी सप्लाई गर्ने कार्य | रु.६,९९,८६७।०० | रु.१,०००।०० | रु.१८,०००।०० |

विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछ।






महेन्द्रनगरमा सुपथ मुल्यमा स्वादिलो खाना र आरामदायी बसाईका लागि हामीलाई सम्झनुहोस् !
रारा होटल एण्ड लज, गल्ली नं. ४ फोन नं. ९८०९४९४७७४

# पूर्व विद्यार्थीको पहलमा सामूहिक अक्षयकोष स्थापना



**–पश्चिम नेपाल संवाददाता**
**बैतडी, १६ पौष**

बैतडीको दशरथचन्द नगरपालिका-५ सुन्दरखालीमा रहेको दशरथचन्द माध्यमिक विद्यालयमा सामूहिक अक्षयकोष स्थापना गरिएको छ। विद्यालयबाट २०६७ सालमा एसएलसी उत्तीर्ण गरेका विद्यार्थीहरूको सक्रियतामा उक्त अक्षयकोष स्थापना गरिएको हो ।

विद्यालयका प्रधानाध्यापक नरेन्द्रबहादुर चन्दका अनुसार २०६७ सालको ब्याचका पूर्व विद्यार्थीहरूको पहलमा एक लाख बीस हजार एक सय पाँच रुपैयाँ बराबरको सामूहिक अक्षयकोष खडा गरिएको छ । यस अभियानमा सत्र जना पूर्व विद्यार्थीहरूको सक्रिय सहभागिता रहेको उनले जानकारी दिए ।

दशरथचन्द माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पार्वती चन्दको अगुवाइमा गठन भएको पूर्व विद्यार्थी समाजको सक्रियतामा अक्षयकोष स्थापना गरिएको विद्यालयले जनाएको छ । पूर्व विद्यार्थीहरूले उक्त कोषलाई हरेक वर्ष थप वृद्धि गर्दै लैजाने प्रतिबद्धता पनि व्यक्त गरेका छन् ।

स्थापना गरिएको सामूहिक अक्षयकोषबाट विद्यालयमा अध्ययनरत गरीब, दलित तथा जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराइने प्रधानाध्यापक चन्दले बताए । यसले आर्थिक अवस्थाका कारण पढाइमा समस्या भोगिरहेका विद्यार्थीहरूलाई सहयोग पुग्ने विद्यालयको विश्वास छ ।

मंगलबार सम्पन्न विद्यालयको उनान्सत्तरीऔं वार्षिकोत्सवको अवसरमा उक्त सामूहिक अक्षयकोषका बारेमा विद्यालय परिवार र अभिभावकहरूलाई औपचारिक रूपमा जानकारी गराइएको थियो ।

वार्षिकोत्सवकै अवसरमा दशरथचन्द नगरपालिका-६ सनकट्टे घर भएका पूर्व विद्यार्थी दीपक नाथले कक्षा पाँचसम्म अध्ययन गर्ने विपन्न विद्यार्थीहरूलाई विद्यालय पोशाक अन्तर्गत स्वीटर वितरण गरेका छन् । यस सहयोगले विपन्न बालबालिकाहरूलाई प्रत्यक्ष राहत पुगेको विद्यालयले जनाएको छ । पूर्व विद्यार्थी नाथले यसअघि पनि समय-समयमा विद्यालयलाई सहयोग गर्दै आएको र त्यसले विद्यार्थीहरूको पठनपाठनमा सहजता आएको प्रधानाध्यापक चन्दले बताए ।

सामूहिक अक्षयकोष स्थापनाका लागि सहयोग गर्ने पूर्व विद्यार्थीहरूमा विपिन रावल रहेका छन् जसले सत्ताइस हजार चार सय अस्सी रुपैयाँ सहयोग गरेका छन् । गिरीश चन्दले दश हजार रुपैयाँ, योगेन्द्र साउँदले दश हजार दस रुपैयाँ, जगदीश चन्दले आठ हजार रुपैयाँ, रोहित ताम्राकारले आठ हजार रुपैयाँ र सिर्जना बमले पनि आठ हजार रुपैयाँ सहयोग गरेका छन् ।

यसैगरी हरिश चन्दले सात हजार पाँच सय रुपैयाँ, केशव रावलले पाँच हजार पाँच सय पचपन्न रुपैयाँ, पंकज भट्टले पाँच हजार पाँच सय पचपन्न रुपैयाँ, आकाश रावलले पाँच हजार रुपैयाँ, अशोक भट्टले पाँच हजार रुपैयाँ र प्रेमराज भट्टले पाँच हजार पाँच रुपैयाँ सहयोग गरेका छन् ।

अक्षयकोषमा ज्योति बोहराले तीन हजार रुपैयाँ, प्रकाश नाथले तीन हजार रुपैयाँ, सुदीप चन्दले तीन हजार रुपैयाँ, राजेन्द्र चन्दले तीन हजार रुपैयाँ तथा प्रकाश चन्द ठकुरीले तीन हजार रुपैयाँ सहयोग गरेको विद्यालयले जनाएको छ ।

## सुदुरपश्चिम प्रदेशसभा...

हुन सक्ने बताए । सांसद लक्ष्मी विकले १० लाखमाथिका आयोजना मात्रै कार्यान्वयन गर्ने र टेन्डरमार्फत कार्यान्वयन गर्ने सरकारको निर्णय कमिसन खानका लागि निर्णय गरिएको आरोप लगाइन् ।

अर्का सांसद मानबहादुर धामीले उपभोक्तामार्फत आयोजना कार्यान्वन नगर्ने निर्णय सर्वोच्च अदालतले खारेज गरेको हुादा प्रदेश सरकारले सार्वजनिक खरिद नियमावलीबमोजिम योजना कार्यान्वयन गर्नु पर्ने बताए ।

सांसद् गीता मालले प्रदेश सरकारले कहिले ठेक्कामार्फत, कहिले उपभोक्तामार्फत योजना कार्यान्वयन गर्ने भनी निर्णय गर्दा द्विविधामा परेर प्रदेश मातहतका कार्यालयहरुले योजना कार्यान्वयन गर्न नसकेको बताइन् ।

सत्तारुढ कांग्रेस प्रदेश सांसद डम्बरी महराले जेन-जी आन्दोलनको क्रममा सभापति शेरबहादुर देउवामाथि आक्रमण भएको घटनाको विरोध गरिन । देउवा दम्पतीमाथि भएको आक्रमण लोकतन्त्रमाथिको प्रहार रहेको उनको भनाई थियो ।

बुधबारको बैठकमा भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री वीरबहादुर थापाले प्रदेश जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभामा टेबुल गरेका छन् ।

यस्तै, आन्तरिक मामिला तथा कानुनमन्त्री हिरासिंह सार्कीले महालेखापरीक्षकको पहिलो, छैटौं र सातौं, प्रदेश लोकसेवा आयोगको चौथो वार्षिक प्रतिवेदन र मुख्य न्यायाधिवक्ताको गत आर्थिक वर्षको प्रतिवेदन सभामा पेस गरेका छन् ।

सार्वजनिक लेखा समितिका सभापति अक्कलबहादुर रावलले सार्वजनिक लेखा समितिको तेस्रो वार्षिक प्रतिवेदन प्रदेशसभामा पेस गरे ।

**मालिकार्जुन गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**दार्चुला**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## ई-हाजिर मेसिन खरिदको लागि दररेट पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति – २०८२/०९/१६

उपरोक्त सम्बन्धमा यस कार्यालयका लागि आ.व. २०८२/०८३ मा आवश्यक पर्ने संलग्न BOQ बमोजिमको आवश्यक पर्ने ई-हाजिर खरिद गर्ने प्रयोजनका लागि दररेट आवश्यक भएकाले देहायमा उल्लेखित ई-हाजिरहरूको स्पेशिफिकेसन हेरी प्रति इकाइ/थानको हुन आउने दररेट लगायत अन्य सान्दर्भिक विषय समेत खुलाई तपसिलका कागजातहरू खामबन्दी गरी पत्रका मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा दररेट पेश गर्न हुन सम्बन्धित सरोकारवालाहरूको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपशिलः
१. स्थायी लेखा नम्बर प्रमाणपत्र र मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि,
२. आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
पुनश्चः प्राप्त दररेटहरू स्वीकार गर्ने/नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

**BOQ of ICT goods procurement**
**Procuring Office:** Malikarjun Rural Municipality, Darcchula

**Date** 2082/09/16

| S. No. | Work Description | Specification | | Unit | Rate | Total including VAT |
|---|---|---|---|---|---|---|
| 1 | E-attendance Machine | **Display** | 2.8 Inch TFT Touch Screen | 18 | | |
| | | **Color** | Any | | | |
| | | **Max User Capacity** | 8000 | | | |
| | | **Face Capacity** | 8000 | | | |
| | | **Fingerprint Capacity** | 8000 | | | |
| | | **Card Capacity** | 8000 | | | |
| | | **Password Capacity** | 8000 | | | |
| | | **Transaction Capacity** | 300,000 | | | |
| | | **Language** | English, can customize other languages | | | |
| | | **Fingerprint Sensor** | 500 DPI Optical Sensor | | | |
| | | **Proximity Card** | Proximity Card | | | |
| | | **Communication** | WiFi; TCP/IP; USB Disk | | | |
| | | **Bell** | **Scheduled bell** | | | |
| | | **Power Management** | **Sleep Mode** | | | |
| | | **Power Supply** | DC 12V / 1A, DC 12V / 1.5A | | | |
| | | **Battery Backup** | inbuilt-in 2000mAh | | | |
| | | **Operating Environment** | Temperature: 0°C – 50°C Humidity: 20% – 80% | | | |

**रामसिंह खत्री**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

**लाईफ केयर प्याथोलोजी**
**अब विशेषज्ञ चिकित्सक**

लाईफ केयर प्याथोलोजी द्वारा विशेषज्ञ चिकित्सक समुह को साथमा विशेषज्ञ सेवाका साथ लाईफ

डा. केशव भट्ट
MBBS, MS Orthopedics
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. शक्ति नृसिंह यादव
MBBS, MD (Pediatric)
वरिष्ठ नवजात तथा बालरोग विशेषज्ञ

डा. प्रशान्त भट्ट
MBBS, MS (ENT)
नाक, कान, घाटी तथा थाइरोइड रोग विशेषज्ञ

डा. शोमनाथ भण्डारी
MBBS, MD/MS (Obs,Gyne)
वरिष्ठ महिला तथा प्रशुति रोग विशेषज्ञ

डा. निर्मल अमर सिंह थापा
MBBS, MS (General Surgeon)

**लाईफ केयर क्लिनिक**
099-590232, 9828052023, 9858650360, 9848723066 /lifecarepath

**छानको बालुवा र गिट्टी चाहिएमा ।**



यस सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योगले अत्याधुनिक प्रविधियुक्त मेसिन बाट प्रशोधित उच्चस्तरिय महाकाली नदीको गिट्टी बालुवा, जीरा अब बजार रेट भन्दा सस्तो सर्वसुलभ गुणस्तरीय उत्पादन सुरु भएको जानकारी गराउँदछौं । साथै एकपटक सेवाको मौका दिनुहोस् ।

हाम्रा उत्पादनहरु
बेश 40 m.m, 20 m.m. Down, 12 m.m. Down, 6m.m. जीरा, 15 m.m. Natural

**सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योग**
वेदकोट-९, सुन्दरपुर, कञ्चनपुर
सर्म्पक नं. ९८५११४०६३६, ९८५१०१८०७८, ९८५८७५००९८, ९८४८८७८६७७

# एनआईएमबी बैंकले दियो २ लाख सहयोग




**–पश्चिम नेपाल संवाददाता**
**बैतडी, १६ पौष**

पहिरोका कारण घरवारविहीन भएका दुई परिवारलाई नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लिमिटेड (एनआईएमबी) ले दुई लाख रुपैयाँ आर्थिक सहयोग गरेको छ ।

जिल्लाको सुर्नया गाउँपालिका-२ कटनोलीका एकल महिला रेखा चन्द र ग्रीस चन्दलाई घर पुन:निर्माणका लागि दुई लाख रुपैयाँ आर्थिक सहयोग गरेको एनआईएमबी बैंक सतबाँझ शाखाका प्रबन्धक गोविन्द विष्टले बताए ।

'बैंकले सामाजिक उत्तरदायित्वअन्तर्गत विपद् प्रभावित परिवारलाई घर पुन:निर्माणका लागि आर्थिक सहयोग गरेको हो,' उनले भने, 'घरवार विहीन भएका दुवै जनालाई एक/एक लाख रुपैयाँको चेक हस्तान्तरण गरेका छौं ।' बैंकको आर्थिक सहयोगले घर पुन:निर्माणमा सहयोग पुग्ने पीडित परिवाले जनाएका छन् ।

गएको भदौ १५ गतेको अविरल वर्षासँगै आएको पहिराले दुवै जनाको घर बगाएको थियो । घर बगाएपछि उनीहरू सतबाँझमा अर्काको घरमा बस्दै आएका छन् ।

पहिरो प्रभावित परिवारलाई यसअघि सुर्नया गाउँपालिकाले खाद्यान्न र लत्ताकपडा सहयोग गरेको थियो भने वडा कार्यालयले दुवै परिवारलाई ५०/५० हजार रुपैयाँ सहयोग गरेको थियो ।

# सुदूरपश्चिमबाट चार दलका...

उम्मेदवार बनाएको छ। नेकपाले कैलालीबाट प्रेम बयक, कमला ज्ञवाली र गणेश विक तथा कञ्चनपुरबाट रामअवतार राना थारू, वीरबहादुर बुढाथोकी र निराशा चौधरीलाई समानुपातिक उम्मेदवार बनाएको छ ।

अछामबाट भने निर्मला साउँद र भीमबहादुर भण्डारी, डोटीबाट अञ्जीता श्रेष्ठ तथा बाजुराबाट विनिता बिक नेकपाको समानुपातिक उम्मेदवार बनेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टीले समानुपातिक सूचीमा सुदूरपश्चिमका पाँच जना परेको जनाएको छ । प्रदेश सभापति इन्जिनियर प्रकाश बिष्टले सुदूरपश्चिमबाट समानुपातिकतर्फ पाँच जनाको नाम समावेश भएको बताएका हुन्। उनका अनुसार कञ्चनपुरबाट प्रतिभा रावल र सोमप्रसाद चौधरी, अछामबाट टीका सङ्गौला, कैलालीबाट अनुपकुमार उपाध्याय, करिस्मा कठरिया र गीता चौधरी सुदूरपश्चिमबाट रास्वपाको समानुपातिक उम्मेदवार हुन् ।

## श्री सिद्धनाथ मन्दिर विकास समिति
## भीमदत्त-०८, भगतपुर, कञ्चनपुर

# फूल प्रसादी ठेक्का दिने बारे १५ दिने सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०९/१०

यस भीमदत्त नगरपालिकाको वडा नं. ४ श्री सिद्धनाथ मन्दिर विकास समितिको फूल प्रसादी ठेक्का यस मन्दिर विकास समितिको विधान २०५६ संशोधित तथा परिमार्जिक विधान २०६९ समितिको मिति २०८२/०९/०५ गतेको बैठकको निर्णयअनुसार उक्त विधानको परिच्छेद २ को दफा ४ (४) दफा ५ (ङ) बमोजिम वार्षिक फूल प्रसादीको ठेक्का यस समितिले आह्वान गर्ने भएको हुँदा यस संस्थाले आजैका मितिदेखि लागु हुने गरी १५ दिने सुचना तपशिल बमोजिमका सर्तहरूको अधिनमा रही सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपशील :

१) फूल प्रसादीको ठेक्काको न्यूनतम अंक १९,०१,०००/- (अक्षरुपी उन्नाइस लाख एक हजार मात्र) कायम गरिएको छ।
२) ठेक्का अवधि २०८३ साल माघ मसान्तसम्म रहने छ।
३) सिलबन्दी बोलपत्रको आधारमा ठेक्काको बन्दोबस्त गरिने छ।
४) बोलपत्रको रकम रू २,०००/- (दुई हजार) धरौटी फिर्ता नहुने गरी श्री सिद्धनाथ मन्दिर विकास समितिमा दाखिला गर्नुपर्नेछ।
५) सिलबन्दी बोलपत्र सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनको दिउँसो ४ बजे भित्र श्री सिद्धनाथ मन्दिर विकास समितिको कार्यालयमा दर्ता गर्न सकिने छ।
६) रितपूर्वक पर्न आएका सिलबन्दी बोलपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिनको दिउँसो १ बजे सम्बन्धित समितिका प्रतिनिधिहरु, नगरपालिकाका प्रतिनिधि र ठेक्केदार वा ठेक्केदारका प्रतिनिधिहरुको रोहवरमा मन्दिर परिसरमा खोलिनेछ।
७) नेपाली नागरिकले धरौटीबाफतको कबोल रकमको ५% रकम यस संस्थाको महेन्द्रनगर राष्ट्रिय वाणिज्य बैंक बचत हिसाब नं. ४१८०१०००१९०३१०१० मा जम्मा गरेका सक्कलै बैंक भौचर सिद्धनाथ मन्दिर विकास समितिको नाममा वा नगद रकम सिलबन्दी बोलपत्रका साथ संलग्न राख्नुपर्नेछ । साथै स्थायी लेखा नम्बर (PAN) को फोटोकपि समेत पेश गर्नुपर्नेछ ।
८) बोलपत्रमा उल्लेखित रकम ठेक्का सदर भएपछी एकमुष्ट जम्मा गर्न लगाई सम्झौता गरी कार्यादेश दिइने ।
९) रीत नपुगेका वा म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही हुने छैन । ठेक्का सम्बन्धमा केहि बुझ्नु परेको अवस्थामा श्री सिद्धनाथ मन्दिर विकास समितिको कार्यालयमा सम्पर्क राख्नुपर्नेछ ।
१०) रितपूर्वक दर्ता भएका सिलबन्दी बोलपत्रहरू ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार मन्दिर विकास समितिमा निहित रहनेछ।
११) समितिले ठेक्का सम्झौतामा तोकिएका फूल प्रसादी सामग्रीको मापदण्ड अनुसार बिक्री वितरण गर्नुपर्नेछ।

फोन : ०९९-५९०९७३, ९८४८७३५७३६

**चन्द्र कान्त भट्ट (सिके)**
**महासचिव**




रमाईलो®
तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

# विशेषज्ञ डाक्टरहरु सौजन्य मेडिकलमा

**डा. रवि स्वार**
M.B.B.S., M.S., (E.N.T.)
बरिष्ट नाक, कान, घाटी रोग विशेषज्ञ
प्रत्येक महिनाको पहिलो शनिबार

**डा. सुमित पाण्डेय**
M.D. डर्मा, बरिष्ठ छाला, यौन तथा सौन्दर्य विशेषज्ञ, नेपालगञ्ज मेडिकल कलेज
प्रत्येक महिनाको पहिलो शनिबार

**डा. मोहन बेलबासे**
M.D. साइकेट्रिक, बरिष्ठ मानसिक नशारोग विशेषज्ञ, नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल
प्रत्येक महिनाको दोस्रो शनिबार

**डा. निराजन दत्त शर्मा**
M.D.-1020 NMC
पेट छाति तथा मुटु रोग विशेषज्ञ, पुर्व कार्यरत ग्राण्डी ईन्टरनेशनल हस्पिटल काठमाण्डौ
प्रत्येक महिनाको अन्तिम शनिबार

**डा. धर्मनाथ यादव**
M.D. (कार्डियोलोजी) इन्टरभेसनल कार्डियोलोजी (मेदान्त अस्पताल), वरिष्ठ मुटुरोग विशेषज्ञ शहीद गंगालाल हृदयरोग केन्द्र, काठमाडौं
हरेक महिना तेस्रो शुक्रबार र शनिबार

सुविधाहरू: TMT अल्ट्रासाउन्ड, इको कार्डियोग्राफी, डिजिटल, ई.सी.जी., एक्स-रे, कानको सुनाई परीक्षण, घाँटीको इन्डोस्कोपी छालाको जाँच, ल्याब सुविधातथा औषधीहरु आदि।

**सम्पर्क स्थान: सौजन्य मेडिकल तथा क्लिनिक**
**गल्ली नं. ३ (पुरानो पाटनी मेडिकल), महेन्द्रनगर, कञ्चनपुर, फोन: ०९९-५२२६६६, ५२३४३५**

# के तपाईलाई थाहा छ ?

-हुलाकले चिठीपत्र मात्र होइन, समान पनि बोक्छ नि । -तपाईको २० केजीसम्मको समान देशभरि जुनसुकै जिल्लामा पठाउन सकिन्छ । -पठाएको समान वा चिठी पत्र कहाँ पुग्यो भनेर आफ्नै मोबाइलबाट tracking गर्न सकिन्छ ।

-साथै विश्वका सम्पूर्ण देशहरुबाट समान (Parcle) नेपालमा प्राप्त गर्न सकिने र नेपालबाट ७१ देशका ९३ गन्तव्यमा पठाउन सकिने ।

## जिल्ला हुलाक कार्यालय कञ्चनपुर


**खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!**

# डा. अर्जुन भट्ट

(MBBS, MD GP) *NMC No. 11978*

*महाकाली अस्पतालका कन्सल्टेन्ट फेमली फिजिसियन* (पेट छाति, मुटु दम, हाडजोर्नी, नसा मृगौला तथा थाईराईड रोग विशेषज्ञद्वारा नियमित चेकजाँच गराईनुका साथै हाइड्रोसिल हर्निया, एपेन्डिक्स, पाईल्स सम्बन्धि उपचार तथा विभिन्न प्रकारका भेक्सिन (निमोनिया, टिटनस, रेविज, हेपटाईटिस बी आदि) को सुविधा प्रदान गरिन्छ । **विशेष: जेष्ठ नागरिक (७० वर्ष भन्दा माथि) लाई परामर्श शुल्कमा ३३% छुटको सुविधा छ । डा. आउने समय : प्रत्येक दिन विहान : ७ बजेदेखि ९:३० बजेसम्म र बेलुका: ३ बजेदेखि ८ बजेसम्म**

# स्थान: सौभाग्य मेडिको

अस्पताल गेट महेन्द्रनगर, फोन ९८४८७२०२५८, ९८४८७२५११४



EMERGENCY 24 HOUR SERVICE

# आनन्द हस्पिटल एण्ड रिसर्च सेन्टरमा सबै सुविधा

ANAND HOSPITAL & RESEARCH CENTRE

**चौबिसै घण्टा इमरजेन्सी सुविधा**



## डा. भावेश

M.B.B.S.,M.D.(Medicine) Physician
Fellowship in Echocardiology
Fellowship in Diabetes & Endrocrinologyu, (जनरल मेडिसिन)

**हृदय, श्वास एवं सुगर रोग विशेषज्ञ**

***मुटु रोगको सम्पूर्ण सफल उपचार***

**उपचार हुने रोग वा समस्याहरू** : सुगर, ब्लड प्रेसर, थकाइ लाग्नु, शरिर फुस्रो हुनु, धेरै चिसो लाग्नु, कपाल झर्नु, महिनाबारी गडबडी हुनु, थाइराइड, मुर्छा पर्नु, नसा झमझमाउनु, शरिर पहेलो हुनु, कब्जीयत, पेट सफा नहुनु, पेट पोल्नु, खुनेको उल्टी हुनु, कालो दिसा हुनु, भोक र निद्रा नलाग्नु, चिडचिडापन हुनु बेहोसा हुनु, धेरै कुरा सोचिरहनु शास फुल्नु, मुटुको धडकन् बढ्नु चक्कर आउनु, धेरै तिर्खा लाग्नु मुटुरोग सम्बन्धी सम्पूर्ण रोगको उपचार र कुनै पनि विषालु सर्प र किराले टोकेको उपचार

***प्रत्येक दिन***

## डा. योगेश नागेंदर

MBBS, MD,DM (Cardiology)

(वरिष्ठ हृदय रोग विशेषज्ञ, १४ बर्षको अनुभव)

(एंजियोप्लास्टी, एंजियोग्राफी र पेसमेकर बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो तीन बिहीबार दिउँसो २ बजेदेखि ४ बजे सम्म)

## डा. जेम्स मारक

MBBS, MD, रेडियोलोजिष्ट RML

**अल्ट्रासाउण्ड सम्बन्धि बिरामीहरुका लागि**

***प्रत्येक दिन***

## डा. कुलदिप सिंह खडायत

MBBS, DNS (Surgery) (जनरल सर्जन)

**शरीरमा आउने गाठागुठीको उपचार**

**उपचार हुने रोग वा समस्याहरू** : पित्तथैलीको कार्लप्लाडरको पथ्थरी, बच्चादानीको जाँच, हर्निया, एपेन्डिस, पाइल्स, भगन्दर, बाबासीर, हाइड्रोसिल, स्तनमा आएको गाठागुठीको सफल उपचार शरीरमा आउने अन्य गाठागुठीको सफल उपचार एवं अप्रेसन सुविधा र उपचारको व्यवस्था भएको ।

***प्रत्येक दिन***

## डा. हिना(स्त्री तथा प्रसुती रोग बिशेषज्ञ)

महिलाको पाठेघर लगायत महिला सम्बन्धी सम्पुर्ण रोगको उपचार

***प्रत्येक दिन***

## नवजात शिशु एवं बालरोग सम्बन्धी उपचार

**उपचार हुने समस्याहरू :**
नवजात शिशु, बालरोग सेवा, दम रोग, पोलियो, जन्मजात अपाङ्गता, पेचिस टिभी, टाउकोको दुखाई बेबी केयर, कुपोषण, डायरिया, पिलिया, बच्चाको खोप

**डाक्टर भेटिने समय:**

***प्रत्येक दिन***

***सुविधाहरू:*** *I.C.U. प्याथोलोजी, ई.सी.जी., डिजिटल एक्स-रे, सी-आर्म, नेबुलाईजर, कार्डियक मोनिटर, बाईपेप, सी.पेप, भेन्टिलेटर, क्यान्टिन र बिरामी भर्ना सुविधा तथा औषधीहरु आदि ।*

## डा. गणेश बी. एल.

M.Ch (Neurosurgery)DELHI AIIMS

(वरिष्ठ न्युरो रोग विशेषज्ञ, ८ बर्षको अनुभव)

(बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो तीन बिहीबार दिउँसो २ बजेदेखि ४ बजे सम्म )

**आइन्टो, बेसफुलर, ब्रेन एवं स्पाइन रोग विशेषज्ञ**

***मस्तिष्क सम्बन्धि सम्पूर्ण उपचार हुने***

***लुटपाटको कुनै पनि डर नभएको र हाम्रो यहाँ नेपाली रुपैया पनि स्वीकार गरिन्छ ।***

***आयुष्मान, टी.पी.ए., ई.एस.आई. कार्ड धारको र*** *Assam Rifles, CISF, CRPF, ITBP, NSG, RPF, SSB, SFF, SPG, RAF का जवान र उनका परिवारको कैशलेस उपचारको सुविधा ।*

**सम्पर्क स्थान: आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टर सितारगञ्ज रोड खटिमा, ०५९४३-२५२७००, २५१४८५, ९६७५५३३३३३, ९४१०३४०५८५**


मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादक: **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादक: **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादक: **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादक: स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादक:**नृगबहादुर शाह**
कार्यालय: गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोन: ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेल: westnepaldaily@gmail.com, मुद्रक: जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७